हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्ट्स सेन्टर
लहान-६
यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : १४७ पृष्ठ : ४ २०७७ पुस १२ गते आइतबार (Sunday 27 December 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

• *लहान क्रिकेट प्रतियोगिता* •

## 'न्युटन' क्रिकेट टिमले उपाधि चुम्यो




**फिरोज शेख**

लहान । लहानमा संचालित टि टवान्टी क्रिकेट प्रतियोगिताको उपाधि 'न्युटन' क्रिकेट टिमले चुमेको छ । प्रतियोगिता अन्तर्गत शनिबार सम्पन्न फाइनल खेलमा 'न्युटन' क्रिकेट टिम लहानले उपाधि चुम्न सफल भएको हो । लहान स्पोर्ट्स एकेडमीको आयोजना र लहान नगरपालिका वडा नम्बर ८ का वडा अध्यक्षका प्रत्यासी श्याम साह भोरे भोरको टाइटल स्पोनर, चुरिया एग्रोटेक रिसर्च सेन्टर प्रा.लि र क्वालिटी टेलर्स ७ ट्रेडरको सहयोगमा गत पुस ४ गते शनिबारदेखि 'टि टवान्टी' क्रिकेट प्रतियोगिता सुरू भएको थियो । प्रतियोगितामा लहान नगरपालिका क्षेत्रका आठ टिमले भाग लिएका थिए । प्रतियोगिताको फाइनल खेलमा न्युटन क्रिकेट टिम लहान-८ र न्यु स्टार क्रिकेट टिम लहान-६ बीच भएको निकै रोमान्चक प्रतिस्पर्धामा न्युटन क्रिकेट टिमलाई ३ बलमा १० रनको आवश्यकता रहेको बेला अन्तिम ओभरको तेस्रो र दोस्रो बलमा छक्का र चौका लगाउँदै २ विकेटले न्युटनले जित निकाली उपाधि चुम्न सफल भएको हो । टस जितेर पहिला ब्याटिंग गरेको न्यु स्टार क्रिकेट टिमले २० ओभर खेल्दै ८ विकेटको क्षतिमा अनिस मण्डलको चार चौका सहित ३५ रन, इनतखाब अहमदको एक छक्का र ७ चौका सहित ४४ रन र सुरेश यादवको १० रनको मद्दतले १५८ रनको उत्कृष्ट योगफल तयार गर्न सफल भएका थिए ।

बलिङ्ग तर्फ न्युटनको तर्फबाट पार्थिव प्रसाद यादव ४ ओभर ३३ रन २ विकेट, रबिन गुप्ता ४ ओभर ३९ रन २ विकेट,

———*बाँकी ३ पेजमा*

## जसपाको मसाल जुलुस



लहान । प्रधानमन्त्री केपी शर्मा ओलीको कदम 'असंवैधानिक' भएको भन्दै जनता समाजवादी पार्टीले लहानमा शनिबार विरोधमा मसाल जुलुस प्रदर्शन गरेको छ ।

प्रहरी हस्तक्षेपको बीच सरकारको 'असंवैधानिक र अलोकतान्त्रिक' हर्कत विरूद्ध मसाल जुलुस निकालिएको जनता समाजवादी पार्टीले जनाएको छ ।

प्रधानमन्त्री ओलीले गत पुस ५ गते राष्ट्रपति समक्ष प्रतिनिधिसभा विघटनको सिफारिस गरेका थिए भने राष्ट्रपतिबाट सोहीदिन प्रतिनिधिसभा विघटन गरिएको थियो । यसैबीच जनता समाजवादी पार्टीका कार्यकर्ताहरूले सप्तरी सदरमुकाम राजविराजमा समेत मसाल जुलुस प्रदर्शन गरेका छन् ।




## सगरमाथा बचत तथा ऋण सहकारी २१ औँ वर्षमा प्रवेश



लहान । लहानमा अवस्थित सगरमाथा वचत तथा ऋण सहकारी संस्था लिमिटेड शनिबारदेखि २१ औं वर्षमा प्रवेश गरेको छ ।

संस्थाले शनिबार लहानको गोधुली होटलमा आफ्नो २० औँ वार्षिक साधारण सभा कार्यक्रम समपन्न गरेको छ । साधारण सभामा प्रस्तुत गरिएको वार्षिक प्रतिवेदन अनुसार संस्थाले आव २०७६/२०७७ मा २ करोड ३२ लाख ६८ हजार ८ सय ४५ रूपैयाँको वार्षिक कारोबार गरेको छ ।

जसबाट ५५ लाख ४१ हजार ६ सय ८ रूपैयाँ कुल आम्दानीबाट ५३ लाख २१ हजार ८ सय ४३ रूपैयाँ संस्था संचालन गर्न खर्च भई खुद बचत २ लाख १९ हजार ७ सय ६५ रूपैयाँ रहेको जनाइएको छ । २०५७ साल देखी गरिबी निवारण, महिला स्वरोजगार, अनुसन्धान र विकास बचत तथा ऋण लगायतका विभिन्न कार्यक्रम लिएर संचालनमा आएको सो संस्थाले लहान नगरपालिकाको १० वटा वडामा आफ्नो सेवा विस्तार गरिसकेको छ ।

संस्थामा महिला ११६, पुरूष २५७ र सामूहिक

———*बाँकी ३ पेजमा*



फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# रहेनन् पुराना वामपन्थी नेता स्वनाम साथी

पुराना वामपन्थी चिन्तक तथा नेता स्वनाम साथीको निधन भएको छ । शुक्रबार राति ९ बजे उनको निधन भएको हो ।

कोरोना संक्रमण भएपछि उनलाई असोजमा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ललितपुरमा भर्ना गरिएको थियो । फेरि उनको स्वास्थ्यमा समस्या आएपछि कोठमाडौंस्थित मोडल हस्पिटलको आइसियुमा राखिएको थियो । उनको त्यहीँ प्राण गएको हो । कोरोना संक्रमणमुक्त भए पनि उनमा बारम्बार निमोनियाको समस्या देखिएको थियो । उनका दुवै मिर्गौला फेरिएका थिए ।

बुढेसकालमा किरण गौतमसँग विवाह गरेका उनका सन्तान छैनन् । म्याग्दीको अर्मनमा १७ साउन २००७ मा उनको जन्म भएको थियो ।

२०३५ सालतिर खगेन्द्र संग्रौलासँग मिलेर सर्वहारा कम्युनिस्ट लिग खोलेका उनले पछि रुपलाल विश्वकर्माको मजदुर किसान संगठनसँग पार्टी एकता गरेका थिए । त्यसपछि संग्रौला अलग्गिएका थिए । उनी भने एकता केन्द्र मसाल हुँदै माओवादी केन्द्रमा संगठित भएका थिए । एक आदर्श व्यक्तिका रुपमा परिचित स्वनाम पछिल्लो समय रोगले थलिएका थिए ।

**कम्युनिस्ट नेताको प्रेम कहानी**

प्रेम, विवाह, यौन र परिवारबारे कम्युनिस्टहरुका आफ्नै नीति र तर्क हुन्छन् । व्यवहारमा नदेखिए पनि यी सबै विषयलाई मार्क्सवादसँग जोडेर हेर्ने कम्युनिस्टको शैली नै हुन्छ । तब त कम्युनिस्ट पार्टीका नेता–कार्यकर्ताको जीवनमा प्रेम, यौन, विवाह र परिवारिक विषय सीमामा बाँधिएका हुन्छन् । उनीहरु यी सबै विषयलाई मार्क्सवादको झोलामा हालेर हेर्छन् । यस्ता सीमाले बाँधिएका कम्युनिस्ट पार्टीका नेता–कार्यकर्ताको जीवन कहिले रमाइलो त कहिले दुःखपूर्ण देखिन्छ ।

नेकपाका नेता स्वनाम उर्फ शशी शेरचनको अलग्गै जीवनशैली थियो । उनी हरेक निजी कामविरुद्ध हुन्थे । निजी सम्पत्ति, निजी परिवार र निजी बिहे । सायद यसैले उनी विवाहतिर आकर्षित भएनन् बिगतमा । उनको विचारमा आन्दोलन, क्रान्ति, यसका उपलब्धि र नोक्सानीमात्र सार्वजनिक चाँसोका विषय हुन्, अरु सबै निजी कुरा हुन् । तर, स्वनामको मार्क्सवादमा नयाँपन आएको थियो । लामो समय सँगै बस्दै आएकी युवतीसँग नेता स्वनाम साथीले विवाह गरेका थिए २०७० भदौको अन्तिम साता । आफूभन्दा आधा उमेरकी दाङकी किरण गौतमसँग उनले विवाह गरेका थिए । प्रेम, विवाह र यौनबारे भिन्दै दृष्टिकोण राख्दै आएका स्वनाम साथीले आफूले विवाह पनि नगरेको र कुमार पनि नरहेको बताउँदै आएका थिए । उनी गौतमसँग १० वर्षदेखि सँगै बस्दै आएका थिए ।

त्यतिखेर उनको बसाइबारे पार्टीमा उजुरी पनि परेको थियो । कि त विवाह गरेर बस्नुपर्‍यो, कि त अलग हुनुपर्‍यो भन्ने आसयको उजुरी परेपछि साथीले विवाह गर्ने मुड बनाएका थिए । पार्टी कार्यालयमा उजुरी परेपछि उनले पार्टीसित विवाहका लागि स्वीकृती मागे । तत्कालीन एमाओवादीको स्कुलिङ विभाग इन्चार्ज रहेका त्यतिखेर ६३ वर्षिय स्वनाम साथीलाई आधा कम उमेरकी युवतीसँग बिहे गर्न पार्टीले स्वीकृति दियो । विवाह अघिपनि उनीहरु देशभित्रै र बाहिर जाँदा पनि सँगै जान्थे र आउँथे । स्वनाम मिर्गौलाका बिरामी थिए । सातामा तीनपटक डाइलोसिस गर्थे । उनी नेपाली, इन्डियनदेखि चाइनिजसम्मको खाना बनाउन सिपालु थिए । लामो समय विवाह नगरेकोबारे स्वनाम साथी भन्ने गर्थे 'मलाई विवाह ठूलो लागेन, पारिवारिक मान्यताबाट निस्किएको मान्छे, ममा कम्युनिस्ट आन्दोलनको प्रभाव पर्‍यो ।'

**स्वनाम साथीको समर्पण अनुकरणीय : प्रचण्ड**

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) प्रचण्ड–नेपाल समूहका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पार्टीका राष्ट्रिय

———बाँकी ३ पेजमा

# संसद विघटनबारे चर्को बहस

युवराज गौतम

संसद विघटनले यतिबेला नेपालको राजनीतिमा नयाँ तरंग ल्याएको छ । संसद विघटन गैरसंवैधानिक कि संवैधानिक भन्ने विषयमा चर्को बहस छ । कतिपयले संविधानको अपब्याख्या गरेर प्रधानमन्त्री र राष्ट्रपतिको अधिकार खुम्च्याउने साथै विवादमा ल्याउने प्रयास भएको भन्ने तर्क गरेका छन् ।

यसो भन्नेमा प्रधानमन्त्री केपी शर्मा ओली निकटस्तहरूको संख्या धेरै छ । अर्कोतिर राष्ट्रपति र प्रधानमन्त्री गैरसंवैधानिक रूपमा अघि बढीरहेको आरोप लागेको छ । नेपालको संविधानमा हुँदै नभएको अधिकार प्रयोग गरेर प्रधानमन्त्री अघि बढेर तानशाही बन्न खोजेको भनिएको छ । यसो भन्नेको संख्या सडकमा धेरै देखिएको छ ।

यद्यपी, यही मुद्दा यतिबेला सर्वोच्च अदालतमा पुगेको छ । सर्वोच्चमा परेका रिटका आधारमा सुनुवाइ प्रारम्भ भएको छ । विघटनबारे सम्बन्धित तीन निकायबाट कागजात पनि मगाइएको छ । विघटन गर्ने मन्त्रिपरिषद्को सिफारिस र त्यसका आधारमा राष्ट्रपतिले गरेको निर्णयको सक्कल प्रति मगाइएको छ भने संघीय संसद् सचिवालयबाट प्रधानमन्त्रीविरूद्ध परेको अविश्वासको प्रस्तावसम्बन्धी सक्कल फाइल पनि मगाइएको छ । अदालतमा परेका रिटका आधारमा प्रधानन्याधीश चोलेन्द्र शमसेर राणालगायत पाँच जना न्यायाधीश सम्मिलित 'संवैधानिक इजलास'को सुनुवाइका क्रममा प्रधानन्याधीशले उठाएका प्रश्नहरूले प्रशस्त आशंकाहरू जन्माएको छ ।

सुनुवाइका क्रममा अलिक बढी नै सक्रिय देखिएका प्रधानन्यायाधीश राणाले कानुन व्यवसायीहरूले एउटा प्रश्नको जवाफ पटक पटक मागेका थिए । निर्वाचन भयो, कुनै दलले बहुमत पनि पायो, त्यसपछि बीचमा उसले सरकार चलाउँदिनँ भन्न पायो कि पाएनर ?' प्रधानन्यायाधीशको यही प्रश्न यतिबेला बहसको विषय बनेको छ । न्यायालय निष्पक्ष होला र ? भन्ने प्रश्नहरू तेर्सिएका छन् ।

पूर्व राष्ट्रपति डा. रामवरण यादव यो मुद्दामा न्यायालयले निष्पक्ष हुन्छ भन्नेमा विश्वस्त छन् । 'गैरसंवैधानिक तवरले ल्याइएको संसद विघटनको मुद्दामा न्यायालय निष्पक्ष हुन्छ भन्नेमा विश्वस्त छु' उनले भने,'तानशाही रूपमा ल्याइएको विघटन लोकतन्त्रमाथिको आक्रमण भएकाले लोकतन्त्र बचाउन अदालत निष्पक्ष हुनुपर्छ ।'

रिटमाथि बहस गर्नेक्रममा शुक्रबार प्रधानन्यायाधी राणाले गरेका प्रतिप्रश्नहरूले प्रशस्त आशंकाहरू जन्माएको छ । धेरैको मनमा 'चोलेन्द्र श्रीमान'बाट यथोचित न्याय नपाइने हो कि भन्ने आशंका घुसेको छ । बरिष्ठ पत्रकार किशोर नेपालको विचारमा प्रधान न्यायाधीश राणाको ब्यक्तित्व गमक्क परेर नहिंडने, स्वतन्त्र स्वभावका र सबैसंग मिल्ने भएकोले पनि यस्तो आशंका उत्पन्न भएको होला । मानिसले यसरी सोच्नुपनि अनपेक्षित होइन । एक त, राणा परिवारको छोरो त्यसैपनि रवाफिलो हुन्छ ।

दोस्रो, आफ्नै बाहुबलले प्रधान न्यायाधीशको कुर्सीमा पुगेकोले अलिकति अहंको भाव त आउँछ आउँछ । तेस्रो, कुलीन घरानाको ब्यक्ति अलिकति ठालु त पल्टिइने भै हाल्छ नी ।' बरिष्ठ पत्रकार नेपाल थप्छन, 'खोचे थाप्ने उद्देश्यमात्रले संबैधानिक प्रश्नहरू उठाउनु जायज हुँदैन । यो पटक प्रतिनिधि सभा बिघटनमा राष्ट्रपतिका तर्फबाट आएको तर्क फितलोमात्र होइन त्यसले प्रतिगमनको पृष्ठपोषण गरेको छ । प्रधान न्यायाधीशको नेतृत्वमा गठन भएको संबैधानिक बेन्चले पक्कै पनि नेपालको संविधानमा कुनै जटिलता छन भने त्यसको निरूपणगर्न खोज्नेछ ।' जहाँसम्म प्रधान न्यायाधीश चोलेन्द्र शमशेर राणाको प्रश्न छ,'यो उनको 'प्रोफेशनल' जीवनमा आएको सबभन्दा ठूलो चुनौति हो । यो मुद्दाको न्यायोचित टुंगो लगाएर



जनताको मन–मस्तिष्कमा चम्किने लोभ राख्नुपर्छ, नेपालले भने ।

किनकी प्रधानन्यायाधीशले संसद विघटनलाई सदर गर्ने संभावना प्रबल छ । किनकी संवैधानिक इजलासका लागि न्यायाधीशहरू नाम सिफारिस गर्दाताका नै उठेको प्रश्नले ओलीको राजयोग बलियो भएको आशंका गर्नेहरूको संख्या बढ्दो छ । यो घटनाले मुलुकलाई थप अन्योलतातर्फ उन्मुख गराएकाले संसद विघटनपछि सरकार, राजनीतिक दल, सांसदहरूको भूमिका कस्तो हुन्छ भन्ने बारे संविधानमा स्पष्ट व्यवस्था नभएको उल्लेख गर्दै अधिवक्ता नारायण पौडेलले भने, 'अब त मुलुकमा संकटकालिन अवस्थाको घोषणा हुने, घोषित मितिमा निर्वाचन नहुने, नेकपामा विभाजन आउने तथा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनव्यवस्था नै समाप्त हुने आशंका बढ्न थालेको छ ।' त्यसैले यस्तोबेला सर्बोच्चको भूमिका लोकतन्त्र बचाउनेमा केन्द्रित हुनुपर्छ, अधिवक्ता पौडेलको सुझाव छ ।

'यतिबेला अदालतले आफ्नो दुस्साहसलाई साथ दिनेछ भन्ने ठूलो भरोसाका साथ ओलीले जुन कदम चालेका छन्, त्यसउपर प्रधानन्यायाधीशसँगको व्यक्तिगत हिमचिम तथा सर्वोच्च अदालतमा पार्टीले सिफारिस गरेर पठाएका न्यायाधीशहरूमाथि उनले गरेको विश्वासमा यदि तुषारापात भयो भने ओलीको कदमले कसको हित गर्ला ?

किनकी सर्वोच्च अदालतले आफ्नो इतिहासको ओज, संविधान, संविधान लेख्दाको पृष्ठभूमि र लोकतान्त्रिक मर्म समेतको ख्याल गरेर निर्णय गर्नुपर्ने हुन्छ । साथै असंवैधानिक हिसाबले विघटन भएको संसद र चुनावको घोषणालाई कुनैपनि बहानामा राजनीतिक दलहरूले सहमति जनाई अगाडि बढे भने 'ओलीपथ' मा हिँडेर सत्तामा त पुगिएला, तर त्यसले स्थापित गर्ने नजिरमा टेकेर संविधानवाद र लोकतन्त्रको रक्षा हुन्छ कि हुँदैन ?' यसतर्फ पनि गम्भीर रूपले सोच्नुपर्ने बेला आएको अधिवक्ता पौडेलको तर्क छ ।

**विगतमा के भएको थियो ?**

वि.सं. २०१५ सालमा सम्पन्न भएको पहिलो आमनिर्वाचन र विश्वेश्वरप्रसाद कोइराला नेतृत्वको प्रथम जननिर्वाचित सरकार गठन भएसँगै नेपालमा औपचारिक रूपमा संसदीय शासनव्यवस्थाको शुरूवात भएको थियो । तर प्रथम जननिर्वाचित सरकारले जनहितका पक्षमा गरेको कार्यबाट अत्तालिएका तत्कालिन राजा महेन्द्रले वि.सं. २०१७ साल पौष १ गतेका दिन बीपी नेतृत्वको सरकार र दलीय व्यवस्थालाई नै अपदस्थ गरेपछि प्रारम्भिक चरणमा नै संसदीय व्यवस्थाको घाँटी निमोठियो ।

वि.सं. २०४६ सालको परिवर्तनसँगै बहुदलीय व्यवस्था स्थापना भएपछिको करिब ३१ बर्षमा अहिले समेत गरी चारपटक संसद विघटनको सिफारिस भयो । वि.सं. २०५१ असार १६ गते टनकपुर सम्झौतापछि पार्टीमा बढेको अन्तरसंघर्षको परिणाम स्वरूप सरकारको नीति तथा कार्यक्रम संसदबाट पारित नभएपछि तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संसद विघटनको सिफारिस गरे । जसलाई तत्कालिन राजा वीरेन्द्र र सम्मानित सर्वोच्च अदालत समेतले स्विकृति प्रदान गर्‍यो ।

वि.सं. २०५१ कार्तिक २९ गते सम्पन्न मध्यावधी निर्वाचनबाट तत्कालिन एमाले संसदको ठूलो दलको रूपमा उदाएपछि पहिलो दलका हैसियतले गठन भएको मनमोहन अधिकारी

———बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आँटेको र ताकेको कार्यहरु पुरा होलान् । नयाँ कार्यको योजना बन्नेछ । वस्त्र एवं अङ्कार प्राप्ति हुन सक्छ । रमाइलो यात्राको योग रहेको छ ।

**वृष** :- आज आफन्तहररुको सहयोगले कामहरु अगाडी बढ्नेछन । दीर्घकालिक योजना कार्यान्वयन गरी दूर गामी प्रतिफल प्राप्त हुनेछ ।

**मिथुन**:- आज मन खिन्न हुने स्थिति आउनेछ । महत्वकांक्षी योजना गोप्य राखेर अघि बढ्नुहोला । राजनीतिक कार्यमा बाधा आउनसक्छ ।

**कर्कट** :- अनुहारमा कान्ति र मनमा शान्ति छाउला । कुटुम्बको सहयोग मिल्नेछ । कार्यमा सफलता पाईनेछ । प्रेमसम्बन्ध कसिलो हुनेछ ।

**सिंह**:- अरूलाई प्रभावित पारेर काम बन्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । मुद्दा-मामिलामा पनि विजयी भइनेछ ।

**कन्या** :- आत्मबल बढ्नेछ । शत्रुहरु पराजित हुनेछन् । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ ।

**तुला** :- आफूलाई कमजोर भएको अनुभूति हुनेछ । दाम्पत्य जीवनमा एक किसिमको निरसता आउन सक्छ । सांगीतिक क्षेत्रमा रूची बढ्नेछ ।

**वृश्चिक** :- धार्मिक कार्यमा रूचि बढ्नेछ । लगनशीलताले कामहरू अगाडी बढ्नेछन् । समाजसेवामा मन लाग्नेछ । पारिवारिक सद्भाव बढ्नेछ ।

**धनु** :- महिला वर्गबाट विषेश सहयोग मिल्नेछ । वाक्चतुर्याईंले संकल्प सिद्ध हुनेछ । साहित्यिक क्षेत्रमा रूची बढ्नेछ । रमाइलो यात्राको योग रहेको छ ।

**मकर**:- आज आतिथ्यपूर्ण सम्मान पाइएला । प्रेम र मित्रताको बन्धन कसिने बेला छ । शत्रुबाट छुटकारा मिल्नेछ । सन्तान सुख पनि हुनेछ ।

**कुम्भ**:- आफ्नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिनेछ । धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ । जोश जाँगर र हिम्मत बढ्नेछ । दिनको उत्तरार्धमा धन खर्च हुनेछ ।

**मिन** :- विशिष्ट व्यक्तिको सहयोग पाईनेछ । छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ । चिताएको कामले तीव्रता लिनेछ ।

# ज्यान मार्ने उद्योग र अंगभंग मुद्दाका फरार एक पक्राउ

**लहान** । ज्यान मार्ने उद्योग र अंगभंग लगायतका मुद्दामा फरार एक युवकलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा मिर्चैया नगरपालिका-३ का ४० वर्षीय खगेश्वर गोहिवार रहेको प्रहरीले जनाएको छ ।

ज्यान मार्ने उद्योग, अंगभंग र अभद्र व्यवहार मुद्दामा फरार गोहिवारलाई सप्तरीको छिन्नमस्ता गाउँपालिकाको सखडामा लुकीछिपी बसिरहेको अवस्थामा पक्राउ गरिएको इलाका प्रहरी कार्यालय मिर्चैयाले जनाएको छ । पक्राउ परेका गोहिवारविरूद्ध ज्यान मार्ने तीन मुद्दा दर्ता रहेको इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रहरी नायब उपरीक्षक सन्तुलाल जैसवालले जानकारी दिए ।

## न्युटन ...

कुश मण्डल ४ ओभर २५ रन १ विकेट र सुरज यादवले ३ ओभरमा २० रन खर्चेर १ विकेट लिएका थिए भने न्युटनले २० ओभरको अवधिमा ४३ रन अतिरिक्त दिएका थिए ।

उपाधिका लागि १५९ रनको लक्ष्य सहित मैदानमा उत्रेको न्युटनले सस्तैमा २ विकेट गुमाउँदा राकेश कामैतको ३३ बलमा ५ छक्का र २ चौका सहित ५० रनको उत्कृष्ट प्रदर्शन, रबिन गुप्ताको २ चौका सहित ११ रन, कुश मण्डलको २ चौका सहित १० रन र 'म्यान अफ द म्याच' तथा 'म्यान अफ द सिरिज'को उपाधिले सम्मानित सुरज यादवको २६ बलमा ३ चौका र १ छक्का सहित २९ रनको विष्फोटक ब्याटिंगको मद्दतले रोमान्चक खेलमा १९ ओभर ५ बलमा ८ विकेटको क्षतिमा १५९ रन बनाउदै विजेता भएका थियो ।

बलिङ्ग तर्फ लहान-६ का लागि सुरेश यादव ४ ओभर २५ रन १ विकेट, इनतखाब अहमद ४ ओभर ३१ रन २ विकेट, अर्जुन भुजेल ४ ओभर ३५ रन २ विकेट र सन्तोष अधिकारीले ३ ओभर ५ बलमा ३५ रन खर्चेर ३ विकेट लिएका थिए ।

यसैबीच खेल समाप्ती पश्चात लहान स्पोर्ट्स एकेडमीका सचिव विजय कुमार यादवको अध्यक्षता तथा लहान-८ का प्रत्यासी वडा अध्यक्ष श्याम साह भोरे भोरको प्रमुख आतिथ्यता र चुरिया एग्रोटेक रिसर्च सेन्टर प्रा.लि लहानका संचालक हरिदेव चौधरी, शेख मिडिया हाउस प्रालि.,रेडियो सरगम ९३ मेगाहर्जका संचालक फिरोज शेखको विशिष्ट आतिथ्यतासंगै एभरेष्ट कलेजका प्रमुख धरणीधर अधिकारी, क्वालिटी टेलर्स-७ ट्रेडर्सका सीईओ नासारूल अन्सारी लगायतको आतिथ्यतामा आयोजना गरिएको पुरस्कार तथा मेडल वितरण गरिएको थियो ।

पुरस्कार तथा मेडल वितरण कार्यक्रममा अतिथिहरूको हातबाट उप-विजेता न्यु स्टार क्रिकेट टिमलाई शिल्ड,मेडल, प्रमाण सहित ११ हजार रूपैयाँ नगद प्रदान गरिएको थियो । त्यसैगरी विजेता टिम न्युटन क्रिकेट टिमलाई शिल्ड, मेडल, प्रमाण सहित २० हजार रूपैयाँ नगद प्रदान गरिएको आयोजकले जनाएका छ ।

यसैबीच प्रतियोगिता अवधिभर ८३ रन बनाउदै उत्कृष्ट खेल प्रदर्शन गरेका अनिश मण्डल उत्कृष्ट ब्याट्सम्यान, प्रतियोगितामा ११ विकेट लिन सफल परमेश्वर राम उत्कृष्ट बलर, उत्कृष्ट फिल्डर सुरेश यादव घोषित भएका छन् ।

प्रतियोगिता अवधिभर ५२ रन बनाउदै ४ विकेट लिन सफल सुरज यादव प्रतियोगिताको उत्कृष्ट खेलाडी घोषित भएका छन् । यस प्रतियोगिताको शेख मिडिया हाउस प्रालि लहान-८, रेडियो सरगम ९३ मेगाहर्ज र लहान पोस्ट राष्ट्रिय दैनिक पत्रिका मिडिया पार्टनर रहेका थिए ।

## सगरमाथा ...

गरी कुल ३७५ जना सदस्य हाल आबद्ध छन । कार्यक्रममा लेखा संयोजक तथा लघुवित्त प्रमुखले भावी नीति तथा कार्यक्रम बारे जानकारी गराएका थिए ।

कार्यक्रमका प्रमुख अतिथी जिल्ला बचत तथा ऋण सहकारी संस्था धनगढीका संजय कुमार महतो, लहान नगरपालिका वडा नम्बर ३ का वडाध्यक्ष राम दयाल महतो, शेख मिडिया हाउस प्रालि तथा रेडियो सरगम ९३ मेगाहर्जका संचालक फिरोज शेख लगायतले लामो समय देखि शिक्षा, स्वास्थ्य, स्वरोजगार, आय आर्जन लगायतका क्षेत्रमा काम गदै आएको संस्थाले भावी दिनमा अझ प्रभावकारी ढंगले आफना कार्यक्रम अघि बढाउन सफलता प्राप्तिका लागि शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

संस्थाका अध्यक्ष चन्देश्वर महतोको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा सचिव फुलेश्वर महतोबाट गत आ.व.को बजेट र उपलब्धि, कोषाध्यक्ष गणेश प्रसाद उपाध्यायबाट लेखा प्रतिवेदन लगायत राजकुमार सिंह, रामु चौधरीबाट अन्य प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा संस्थामा आवद्ध सक्रिय सेयर सदस्यहरूलाई सम्मान-पत्र, दोसल्लाले सम्मानित गरिएको थियो ।

## रहेनन् ...

सल्लाहकार परिषद्का सदस्य स्वनाम साथी (शशी शेरचन)को निधनप्रति दुःख व्यक्त गरेका छन् ।

स्वनाम साथीको शुक्रबार राति उपचारका क्रममा मोडल अस्पतालमा निधन भएको थियो । पछिल्लो समय उनमा निमोनियाको समस्या देखिएको थियो ।

अध्यक्ष प्रचण्डले शोक वक्तव्य जारी गर्दै आन्दोलनप्रतिको समर्पण, वर्गीय मुक्ति, देशभक्ति र निजी स्वार्थको तिलाञ्जली स्वनामको आदर्शपूर्ण पक्षका रूपमा रहेको बताएका छन् । प्रचण्डले जारी गरेको वक्तव्यमा भनिएको छ, 'उहाँको यिनै आदर्श कम्युनिस्ट आन्दोलनका लागि प्रेरणादायी र अनुकरणीय रहनेछ ।'

सम्पन्न परिवारमा जन्मेर पनि उनले विद्यार्थी जीवनदेखि नै सर्वहारा वर्गको मुक्तिका लागि सम्पूर्ण जीवन अर्पण गरेका थिए । स्वनामले विसं २०२५ मा कम्युनिस्ट पार्टीको सदस्यता प्राप्त गरेको थिए । विसं २०३३ मा उनकै नेतृत्वमा सर्वहारा कम्युनिस्ट लिग गठन भएको थियो ।

वि.सं २०३८ मा स्वनामले सर्वहारा श्रमिक संगठन नेपाल निर्माण गरी किसान आन्दोलन चलाएका थिए । योग र ध्यान साधनामा लागेका स्वनाम 'ध्यान योग आरोग्य साधना नेपाल' तथा शिक्षा मन्त्रालयद्वारा गठित 'ध्यान योग प्रोटोकल कार्यदल, २०२०' को संयोजकसमेत थिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


# नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

| | |
|---|---|
| लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा |
| मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा |
| कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा |
| गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा |

# कमला–कञ्चनरुप सडक चार लेनको बनाउने ठेक्का चिनियाँ कम्पनीलाई

पूर्व-पश्चिम राजमार्गअन्तरगत धनुषाको कमलादेखि सप्तरीको कञ्चनरूपसम्मको सडक चार लेनमा विस्तारको लागि ठेक्का लागेको छ । सडक विभागको एडीबी निर्देशनालयका अनुसार करिब १५ अर्बमा काम सक्ने गरी चिनियाँ कम्पनीले ठेक्का पाएको हो ।

चाइना रेल्वे नं. २ इन्जिनियरिङ ग्रूप कम्पनीले यो सडक विस्तारका दुबै खण्डमा ठेक्का पाएको निर्देशनालयका प्रमुख दीपक श्रेष्ठले बताए । करिब ८० किलोमिटरको यो सडकलाई दुई खण्डमा विभाजन गरेर ठेक्का आह्वान गरिएको थियो । अनुमानित लागत भन्दा २४ प्रतिशत कम रकममा चिनियाँ कम्पनीले ठेक्का हात पारेको हो । ठेकदार कार्यक्षेत्रमा परिचालित भइसकेको र निर्माण सर्भे गर्ने, क्रसर राख्ने लगायतका काम गरिरहेको प्रमुख श्रेष्ठले बताए । त्यसका लागि २ दर्जन चिनियाँ प्राविधिक फिल्डमा पुगिसकेका छन् ।

यो परियोजनामा एसीयाली विकास बैंक (एडीबी)ले सहुलियत ब्याजदरको ऋण लगानी गरेको छ ।

**कस्तो बन्छ सडक ?**

विस्तार हुने कमला–कञ्चनरूप सडकको बीचमा 'मेडियन' (डिभाइडर संरचना) हुनेछ । दुईतर्फ ७(७ मिटरको दुई(दुई लेन हुनेछन् । एउटा लेन ३.५ मिटरको हुनेछ ।

'मिडियन' मा ग्रिनरी बेल्ट तयार गरेर रूख विरूवा र फूल रोपिनेछ । दायाँ(बायाँ नै साढे २ मिटरको सोल्जर (अतिरिक्त पिच) गर्ने योजना छ । यो खण्डका मुख्य वस्ती र शहरी क्षेत्रमा दुईतर्फ सर्भिस लेन बनाइनेछ । यसअनुसार वस्ती क्षेत्रमा सडक ६ लेनको हुनेछ । यो खण्ड विस्तार गर्न पोथ्राबाहेक ४६ सय वटा रूख काट्नुपर्छ । त्यसका लागि सरकारबाट अनुमति पाइसकेको श्रेष्ठले बताए । 'वन मन्त्रालयले रूख कटान अनुमति दिइसक्यो, नेपाल विद्युत प्राधिकरणले पनि पोल सार्ने काम गरिरहेको छ,' उनले भने,'त्यसमा हामी पनि सहयोग गर्छौं ।'

**विस्तारका थुप्रै योजना**

यो सडक नेपालको पर्यटकीय चहलपहल धेरै हुनेमध्ये एक हो । पूर्वी पहाड तथा मध्य तराई घुम्न जाने पर्यटकका लागि मात्रै होइन, त्यस क्षेत्रका स्थानीयका लागि पनि काठमाडौंसहित पश्चिमतर्फ आवातजावत गर्ने मुख्य मार्ग हो । निजगढसम्म काठमाडौंबाट द्रुतमार्गले जोडिँदैछ । वीरगञ्जबाट पथलैयासम्म ६ लेनमा सडक



विस्तार भइसकेको छ । बाराको पथलैयाबाट महोत्तरीको ढल्केबर (कमला)सम्म सडक विस्तार भयो भने निजगढ पुग्न झन सहज हुनेछ ।

अहिले यसबाहेक भिट्टामोड (जनकपुर)(ढल्केबर सडक पनि ६ लेनमा विस्तार गर्न निर्माणको काम भइरहेको छ । सबै योजनाहरू पुरा हुँदा सो क्षेत्र आधुनिक राजमार्गहरूले घेरिने र त्यसले स्थानीय आर्थिक गतिविधिलाई काठमाडौंसँग जोड्न सहज हुने विभागको भनाइ छ । कमलाबाट पथलैयासम्मसडक विस्तारको लागि विश्व बैंकले लगानी गर्न चासो दिएको छ । पथलैया,हेटौंडा,नारायणगढ सडक विस्तार गर्न एडीबी सकारात्मक रहेको सडक विभागका प्रवक्ता शिवहरि सापकोटा बताउँछन् । कञ्चनरूपदेखि झापाको काँकडभिट्टासम्माको सडक चार लेनको बनाउने योजना अन्तरगत डीपीआर बनाउने काम भइरहेको छ । योजना अनुरूप काम भयो भने केही वर्षपछि वीरगञ्जबाट कञ्चनरूपसम्म कम्तिमा ४ लेनको सडक बन्नेछ । यसले तराईसँग राजधानीको कनेक्टिभिटी सुद्रने र आवागमन सहज हुने विभागको भनाइ छ ।

अहिले मुख्य राजमार्ग फराकिलो पार्ने योजनाअनुसार धमाधम बनेका छन् । विश्व बैंकको सहयोगमा मुग्लिन–नारायणगढ सडक डेडिकेटेड दुई लेनमा विस्तार गरिएको छ भने मुग्लिन–नागढुंगा सडक पनि डेडिकेटेड दुई लेन विस्तार गर्न ठेक्का लगाउने तयारी गरिँदैछ । यस्तै एसियाली विकास बैंक (एडीबी)को सहयोगमा बुटवल –नारायणगढ सडकखण्ड ४ लेनको बनाउन सुरू गरिसकेको छ । मुग्लिन पोखरा सडक ४ लेनको बनाउने गरी विभाजित तीन वटा खण्डमध्ये मध्य खण्डको ठेक्का लागिसकेको छ । एउटा खण्डको डीपीआर बन्दैछ भने एउटा खण्डको बोलपत्र मूल्यांकन चलिरहेको छ । मुग्लिन पोखरा खण्डको विस्तारमा पनि एडीबीले नै लगानी गर्दैछ । **अनलाईनखबरबाट**

## संसद...

नेतृत्वको सरकार विरूद्धमा प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले अविश्वासको प्रस्ताव दर्ता गरेपछि अधिकारीले संसदमा विश्वासको मत लिने प्रयत्न नै नगरी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ (४) अनुसार संसद विघटनका लागि राजा समक्ष सिफारिस गरे ।

तर राजा वीरेन्द्रले विघटनको प्रस्ताव स्वीकृत नगरी परामर्शका लागि सर्वोच्च अदालत पठाईदिए भने सर्वोच्च अदालतका तत्कालिन प्रधानन्यायाधीश विश्वनाथ उपाध्याय नेतृत्वको इजलासले अर्को सरकार गठन हुन सक्ने सम्भावनाको परीक्षण नै नभई संसद विघटनको प्रस्ताव गरेको भन्दै २०५२ भदौ १२ गते संसद विघटन सम्बन्धी उक्त प्रस्ताव अस्वीकृत गरिदियो ।

साथै वि.सं. २०५८ सालमा तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवाले राजा समक्ष पेश गरेको संसद विघटन र निर्वाचन सम्बन्धी प्रस्ताव स्विकृत भएपनि त्यसको केही समयपछि राजा ज्ञानेन्द्रले देउवालाई नै असक्षम प्रधानमन्त्री भन्दै अपदस्थ गरी सत्ता आफ्नो हातमा लिएका थिए । *हाम्रा कुरा डटकमबाट*





## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :**

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्युटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यु यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)